# संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका राष्ट्रपति सम्माननीय डा.रामवरण यादवबाट

# देशका नाममा सम्बोधन

# २०६५ श्रावण १२ गते आइतवार

**आदरणीय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,**

नेपाली जनताले २००७ साल अघिदेखि हालसम्म पटक-पटक गर्दै आएका ऐतिहासिक क्रान्ति, संघर्ष र जनआन्दोलनका परिणामस्वरूप स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो राष्ट्रपतिका रूपमा कार्यभार सम्हाल्ने अवसर प्राप्त गरेको यो शुभघडीमा सबभन्दा पहिला म लोकतन्त्रको संघर्षमा शहादत प्राप्त सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति श्रद्धान्जली अर्पण गर्दै सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक अभिवादन गर्न चाहन्छु ।

हाम्रो देश नेपाल भौगोलिक, सामाजिक, सांस्कृतिक, लैंगिक, भाषिक, धार्मिक र जातीय बनोटमा अनेकता बीच एकताको एउटा अनुपम प्रतीकको रूपमा संसारभरि चिनिन्छ । सबै जातजाति वर्ग र समुदायका नेपालीको सुन्दर फूलबारीको रूपमा नेपाल इतिहासको प्रारम्भदेखिनै एउटा अखण्ड, अविभाज्य र स्वतन्त्र देश रही आएको छ ।

तराई-मधेश, पहाड र हिमालमा बस्ने हामी सबै नेपाली हौं । यो हाम्रो प्यारो नेपालको सार्वभौमसत्ता र अखण्डता जोगाउन हामी सदैव एकजूट भइआएका छौं । त्यसैगरी बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, विश्वव्यापीरूपमा स्वीकार्य मानव अधिकार र विधिको शासनप्रति हामी सबै प्रतिबद्ध छौं । राष्ट्रपतिको गरिमामय पदमा रहँदा निष्पक्षरूपमा आफ्नो कर्तव्य र जिम्मेवारी पूरा गर्दै यिनै सिद्धान्तहरूलाई अगाडि बढाउन म कटिबद्ध छु ।

**आदरणीय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,**

अहिले हामी नेपाल र नेपालीको भाग्यरेखा कोर्ने नयाँ संविधान बनाउने तयारीमा छौं । आउँदो दुई वर्ष भित्र संविधान लेख्ने ठूलो चुनौति हामी समक्ष छ । यो चुनौति पार गर्न संविधान सभामा भएका सबै राजनीतिक शक्तिहरू र सबै नेपाली जनता मिलेर अगाडि बढ्नु आजको आवश्यकता हो । तब मात्र हामी आफैंले लेखेको संविधानले नेपाल र नेपालीको उज्यालो भाग्य रेखा कोर्नेछ । देश र जनताको भविष्यसँग जोडिएको संविधान निर्माणजस्तो ऐतिहासिक कार्यमा नेपालको अन्तरिम संविधान, २०६३ अन्तरगत रही मेरो पूर्ण सहयोग र समन्वयात्मक भूमिका रहनेछ ।

आज हामी सबैले देखेको नयाँ नेपालको सपना साकार पार्न सबैको एकताको त्यत्तिकै खाँचो छ । यो एकताको जगमा मात्र जातीय र क्षेत्रीय सद्भाव कायम राख्दै वैज्ञानिक र न्यायिक ढंगले राज्यको पुनःसंरचना गरी हिंसारहित सभ्य समाजको निर्माण र आर्थिक, सामाजिक उन्नतिको आधारशिला खडा गर्न सकिन्छ ।

वर्षौंको तितो अतीतलाई पछाडि छोडेर मीठो भविष्यको यात्रामा अगाडि बढ्न र हाल जारी शान्ति प्रक्रियालाई एउटा तार्किक निष्कर्षमा पुऱ्याउन राष्ट्रिय एकता र मेलमिलाप बाहेक अर्को

बाटो हुनै सक्तैन । त्यसैले अब गठन हुने सरकारले सबैलाई साथ लिएर सबैको हितका लागि आफ्ना नीति र कार्यक्रम अगाडि सार्ने विश्वास मैले लिएको छु ।

अबको समय नेपालका लागि शान्ति स्थापना, सामाजिक न्याय, विधिको शासन र समावेशी लोकतन्त्रको माध्यमबाट नेपाल र नेपालीको अनुहार फेर्न अत्यन्त महत्वपूर्ण हुनेछ । यस अवधिमा राज्यको पुनःसंरचना एवं बहुदलीय लोकतन्त्रका सही र बलिया आधारहरू तयार पार्दै आम जनताका आधारभूत आवश्यकता पूरा गर्न, भौतिक संरचनाहरुको निर्माण तथा पुनर्निर्माण एवं दिगो शान्ति प्राप्त गर्नु नै हामी सबैको प्राथमिकता हुनेछ ।

नेपालको इतिहासमै पहिलो पटक जनता आफैंले संविधान बनाई आफ्नो भाग्यरेखा आफैं कोर्न अहिले आएको ठूलो अवसरसँगै चुनौति पनि त्यत्तिकै ठूलो छ । यस चुनौतिलाई अवसरमा परिणत गर्ने ठूलो मौका प्राप्त भएको छ । त्यसैले हामीमा सक्रियतासँगै सतर्कता पनि त्यतिकै जरुरी छ । मलाई विश्वास छ, हामी सबै नेपालीहरूमा यो चुनौति पार गर्न सक्ने क्षमता र आत्मविश्वास छ ।

आफ्नो कर्तव्य र जिम्मेवारीमा सधैं सजग रहिआएका सबै राजनीतिक दलहरू, नेपाली सेना, प्रहरी, कर्मचारी लगायत बिभिन्न सबै पेशा र वर्गका मानिसहरूको सामूहिक र एकताबद्ध प्रयासले मात्र देश अगाडि बढ्न सक्छ भन्ने कुरामा शंका छैन । नेपाल र नेपालीको यस्तो एकताबद्ध प्रयासमा हाम्रो हित चाहने मित्रराष्ट्रहरू लगायत सबै अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त सहयोग निरन्तर हुने कुरामा म विश्वस्त छु ।

**आदरणीय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,**

तपाईंहरुले ठूलो विश्वास गरेर मलाई देशको गरिमामय सर्वोच्च पदमा पुऱ्याउनु भएको छ । म एउटा सामान्य किसानको छोरा हुँ । नेपालको माटोमा जन्मेर नेपालकै माटोमा लडीबुडी खेल्दै, हुर्कंदै राष्ट्रपतिको पदसम्म पुग्दा किसान, मजदूर लगायत सारा नेपालीको सुखदुःखसंगै मेरो सुख-दुःख पनि गाँसिएको छ ।

तराई-मधेश, पहाड र हिमाल जहाँ बसे पनि, जुनसुकै भाषा बोले पनि, जुनसुकै भेष पहिरिए पनि, जुनसुकै धर्म माने पनि, हामी सबै सबभन्दा पहिला नेपाली हौं । नेपाल रहे मात्र हामी रहन्छौं । हामी रहे मात्र लोकतन्त्र रहन्छ । लोकतन्त्र रहे मात्र देश बन्छ ।

अन्तमा, देशको सार्वभौमिकता, अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान, जातीय र साम्प्रदायिक सद्भावलाई कायम राखी नयाँ नेपाल निर्माणको यात्रामा हातेमालो गर्दै हामी सबै अगाडि बढौं ।

**सबै नेपालीको जय होस् ।**
**जय नेपाल !**